नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

**(जारी मिति: २०७८-०३-१४ गते बिहान ०७ बजे)**

## नदीहरुको हालको अवस्था (Present River Status)

**आज बिहानको मापन अनुसार कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाब स्थिर अवस्थामा रहेको तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ।**

## बाढी पूर्वानुमान (Flood Forecast)

### पूर्वानुमान आज : असार-१४ (सोमबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य रहने, कोशी र यसका स-साना सहायक नदीमा बहाब केही बढ्ने तथा केही साना नदीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ।
- आज कमला, बागमती, पश्चिम राप्ती, बबईमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ। कन्काई जलाधारका केही स-साना सहायक नदीमा क्षणिक मध्यम/भारी बर्षा भई बहाब केही बढ्ने र केही स-साना नदीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ।
- आज प्रदेश १ को इलाम, झापा, मोरङ, सुनसरी, पाँचथर, उदयपुर, ओखलढुंगा, धनकुटा, संखुवासभा, सोलुखुम्बु, भोजपुर, ताप्लेजुङ, प्रदेश २ को महोत्तरी, धनुषा, सिराहा, सप्तरी, बागमती प्रदेशको रसुवा, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, नुवाकोट, धादिङ, काठमाडौँ, गण्डकी प्रदेशको गोरखा, लमजुङ, तनहुँ, स्याङ्गजा, पर्वत, कास्की, बागलुङ, लुम्बिनी प्रदेशको नवलपुर, दाङ, बर्दिया र आसपास जिल्ला भई बहने स-साना नदीजलाधारमा बहाव केही बढ्ने र केहीमा आकस्मिक वहाव (Flash Flood) हुन सक्ने पुर्वानुमान छ।

### पूर्वानुमान भोलि: असार-१५ (मंगलबार) (विहान ७ बजे देखि २४ घण्टा)

- भोलि नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य रहने, कोशी र यसका स-साना सहायक नदीमा बहाब केही बढ्ने तथा केही साना नदीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ।
- भोलि पश्चिम राप्ती, बबई लगायतमा बहाब सामान्य रहने, कमला, बागमती लगायतमा बहाब केही बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ। कन्काई र यसका स-साना सहायक नदीमा बहाब बढ्ने र केहीमा सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ।
- भोलि प्रदेश १ को मध्यपहाडी, चुरे र तराई भई बहने स-साना नदीमा बहाव बढ्ने र केहीमा आकस्मिक वहाव भई सतर्कता आसपास पुग्न सक्ने पुर्वानुमान छ। प्रदेश २, बागमती र गण्डकी प्रदेशको मध्यपहाडी र चुरे भई बहने स-साना नदीमा बहाव केही बढ्ने र केहीमा आकस्मिक वहाव हुन सक्ने पुर्वानुमान छ।

### पूर्वानुमान पर्सी : असार-१६ (बुधबार) (विहान ७ बजे देखि २४ घण्टा)

- पर्सी कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य रहने, कोशी, नारायणी र यसका स-साना सहायक नदीमा बहाब केही बढ्ने र केहीमा सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ।
- पर्सी पश्चिम राप्ती, बबई लगायतमा बहाब सामान्य रहने, कन्काई, कमला, बागमती, पूर्वी राप्ती लगायतमा बहाब बढ्ने र केहीमा सतर्कता आसपास पुग्न सक्ने पुर्वानुमान छ।
- पर्सी प्रदेश १,२, बागमती र गण्डकी प्रदेशको मध्यपहाडी, चुरे र तराईको भूभाग भई बहने स-साना नदीमा बहाव केही बढ्ने र केहीमा आकस्मिक वहाव हुन सक्ने पुर्वानुमान छ।

## सरोकारवालाका लागि परामर्श (Advisory):

- आज प्रदेश १ को इलाम, झापा, मोरङ, सुनसरी, पाँचथर, उदयपुर, ओखलढुंगा, धनकुटा, संखुवासभा, सोलुखुम्बु, भोजपुर, ताप्लेजुङ, प्रदेश २ को महोत्तरी, धनुषा, सिराहा, सप्तरी, बागमती प्रदेशको रसुवा, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, नुवाकोट, धादिङ, काठमाडौँ, गण्डकी प्रदेशको गोरखा, लमजुङ, तनहुँ, स्याङ्गजा, पर्वत, कास्की, बागलुङ, लुम्बिनी प्रदेशको नवलपुर, दाङ, बर्दिया र आसपास जिल्ला भई बहने स-साना नदीजलाधारमा बहाव केही बढ्ने र केहीमा आकस्मिक वहाव (Flash Flood) हुन सक्ने पूर्वानुमान रहेकाले नदी तटीय क्षेत्रका क्रियाकलापमा सतर्कता अपनाई राखौं।

*(बाढी पूर्वानुमान बुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं। विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं।

**नोट: पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङले उच्च जोखिमको संकेत गर्छ।**

# *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*

   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv

   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry

2) *MFD Rainfall Forecast*

जल तथा मौसम विज्ञान विभाग

## मौसम पूर्वानुमान महाशाखा

मौसम पूर्वानुमान बुलेटिन (Weather Forecast Bulletin)

(जारी मिति:२०७८-०३-१४ बिहान ६:०० बजे)

### मौसम विश्लेषण (Meteorological Analysis)

देशभर मनसुनी वायुको प्रभाव रहेको छ । हाल देशको दक्षिणी भू-भाग नजिक मनसुनी न्युन चापिय रेखा (monsoon trough) रहेको छ।

### हाल मौसमको अवस्था (Present Weather Status)

हाल देशभर सामान्य देखि पुर्ण बदली रहि गण्डकी प्रदेश तथा प्रदेश नं १ को थोरै स्थानहरुमा वर्षा भईरहेको छ ।

### आगामी तीन दिनको मौसम पूर्वानुमान

**२०७८ असार १४ गते (सोमबार)**

दिउँसो: देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका केही स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १ र गण्डकी प्रदेशका एक वा दुई स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ ।

राती: देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । प्रदेश नं १, प्रदेश नं २, बागमती प्रदेश र गण्डकी प्रदेशका केहि स्थानहरुमा साथै लुम्बिनी कर्णाली र सुदुरपश्चिम प्रदेशका थोरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १ का एक वा दुई स्थानमा भारी वर्षाको सम्भावना छ।

**२०७८ असार १५ गते (मंगलबार)**

दिउँसो: देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १, गण्डकी प्रदेशका एक वा दुई स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ ।

राती: देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । प्रदेश नं १, प्रदेश नं २, बागमती प्रदेश र गण्डकी प्रदेशका धेरै स्थानहरुमा साथै लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशका थोरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १, बागमती प्रदेश र गण्डकी प्रदेशका थोरै स्थानहरुमा भारी वर्षाको सम्भावना छ।

**२०७८ असार १६ गते (बुधबार)**

दिउँसो: देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशका एक वा दुई स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित भारी वर्षाको सम्भावना रहेको छ ।

राती: देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, प्रदेश २, बागमती प्रदेश र गण्डकी प्रदेशका थोरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित भारी वर्षाको सम्भावना रहेको छ ।

### आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श (Warning/Advisory for next 24 hours)

प्रदेश १ र गण्डकी प्रदेशका एक वा दुई स्थानमा मेघगर्जन/चट्याङ्ग सहित भारी वर्षाको सम्भावना रहेको र उक्त प्रदेशहरुको पहाडी भू-भागमा पहिरो तथा गेग्रान बहाव (debris flow) को जोखिम रहेको, नदीनाला तथा खहरे खोलाहरुमा पानीको सतह बढ्न सक्ने तथा यातायात क्षेत्र प्रभावित हुन सक्ने भएकोले आवश्यक सतर्कता अपनाउनु हुन सबैमा अनुरोध छ ।

3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*
   *24 Hour Rainfall Forecast Today (9am to 9 am)*
   *24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*
5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*
11) *SouthAsia Flash Flood Guidance System (Nepal)*

*12) Other Global Flood Forecasts*
*13) Satellite Cloud Picture*
*14) Etc…*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।